बनगाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
लुम्बिनी प्रदेश,
नेपाल

बैठक संख्याः १९

श्री

आज मिति २०८० साल जेष्ठ २४ गते अपरान्ह ३:०० वजे नगर प्रमुख श्री शम्भुलाल श्रेष्ठज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा उपस्थिति तथा भएका निर्णयहरु यस प्रकार छ ।

<u>उपस्थिति</u>

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री शम्भुलाल श्रेष्ठ, प्रमुख | प्रमुख |
| २. | | श्री रुद्र प्रकाश उपाध्याय, उप-प्रमुख | उप-प्रमुख |
| ३. | | श्री कृष्ण प्रसाद सापकोटा, प्रमुख प्रशासकीय अधिकृत | सचिव |
| ४. | | श्री सन्त बहादुर गाहा, प्रवक्ता | सदस्य |
| ५. | | श्री सन्दिप सापकोटा, वडाध्यक्ष, वडा नं. १ | सदस्य |
| ६. | | श्री गणेश बहादुर क्षेत्री, वडाध्यंक्ष, वडा नं. २ | सदस्य |
| ७. | | श्री प्रकाश चन्द्र अधिकारी, वडाध्यक्ष, वडा नं. ३ | सदस्य |
| ८. | | श्री बेधविना तिवारी, वडाध्यक्ष, वडा नं. ४ | सदस्य |
| ९. | | श्री विमला गुरुङ्ग, वडाध्यक्ष, वडा नं. ५ | सदस्य |
| १०. | | श्री रोहीत थारु, वडाध्यक्ष, वडा नं. ६ | सदस्य |
| ११. | | श्री धुर्व थारु, वडाध्यक्ष, वडा नं. ७ | सदस्य |
| १२. | | श्री कविराज आचार्य, वडाध्यक्ष, वडा नं. ८ | सदस्य |
| १३. | | श्री चन्द्रकान्त चापागाई, वडाध्यक्ष, वडा नं. ९ | सदस्य |
| १४. | | श्री राजु मिश्र, वडाध्यक्ष, वडा नं. १० | सदस्य |
| १५. | | श्री फणेन्द्र चौधरी, वडाध्यक्ष, वडा नं. ११ | सदस्य |

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
लुम्बिनी प्रदेश,
नेपाल

| | | | |
|---|---|---|---|
| १६. | | श्री उमाशंकर चौधरी, वडाध्यक्ष, वडा नं. १२ | सदस्य |
| १७. | | ~~श्री नर बहादुर चौधरी~~, वडाध्यक्ष, वडा नं. १३ प्र.अ. रेशम शाह पाण्डेय | सदस्य |
| १८. | | श्री रुद्र बहादुर आले, वडाध्यक्ष, वडा नं. १५ | सदस्य |
| १९. | | श्री भिमकाजी गुरुङ्ग, वडाध्यक्ष, वडा नं. १६ | सदस्य |
| २०. | | श्री मन्जु चालिसे, कार्यपालिका सदस्य | सदस्य |
| २१. | | श्री सुमित्रा ढकाल, कार्यपालिका सदस्य | सदस्य |
| २२. | | श्री रिता ढुँगाना, कार्यपालिका सदस्य | सदस्य |
| २३. | | श्री जानकी न्यौपाने, कार्यपालिका सदस्य | सदस्य |
| २४. | | श्री रिता कुमारी सुनार, कार्यपालिका सदस्य | सदस्य |
| २५. | | श्री प्रेम बहादुर भुजेल, कार्यपालिका सदस्य | सदस्य |
| २६. | | श्री गोविन्द विश्वकर्मा, कार्यपालिका सदस्य | सदस्य |
| २७. | | श्री बुद्धेराम वि.क., कार्यपालिका सदस्य | सदस्य |
| | | व्यवस्थापन टोलि | |
| २८. | | लेखा अ.-५(प) क्षेत्री अधिकृत | छैठौं |
| २९. | | पितामबर रुपकोटा | सो.नं.५ |
| ३०. | | | |

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
लुम्बिनी प्रदेश,
नेपाल

<u>प्रस्तावहरु</u>

१. आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम सम्बन्धमा ।

२. राजश्व फिर्ता सम्बन्धमा ।

३. बर्दघाट नगरपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन, २०७९ (संशोधन) सम्बन्धमा ।

४. विविध

(क) बजेट बाँडफाड सम्बन्धमा।

(ख) सामुदायिक भवन निर्माण सम्बन्धमा ।

प्रस्तुत प्रस्तावित विषयहरुमा छलफल गरियो ।

**निर्णय :**

**निर्णय नं. १**

- बर्दघाट नगरपालिकाको १२ औं नगरसभामा पेश गर्न भनि मस्यौदा समितिबाट तयार भई आएको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम अनुमोदन गर्ने ।

**निर्णय नं. २**

- आर्थिक वर्ष २०७९/०८० मा निवेदक इश्वरीप्रसाद कण्डेलको नामबाट नक्सा शाखाको सिफारिसमा मिति २०७९/०८/१२ मा र.नं ३७५२ बाट रु ४५,४५६/- नक्सापास दस्तुर लिईएकोमा हाल उक्त घर निर्माणका क्रममा Row भित्र पिल्लरको भाग परेकोले अभिलेखीकरण गर्न नसकिने भनि पुःन नक्सा शाखाबाट राय पेश हुन आएको हुँदा निज इश्वरीप्रसाद कण्डेललाई नक्सापास दस्तुर फिर्ता दिन चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आ. व.२०७९/०८०) को राजश्व फिर्ता खर्च शिर्षकमा (ब. सि. नं. ९७) छुट्टाईएको बजेट रु: १०,००,०००/- (रु दश लाख रुपैया) रकम मध्येबाट फिर्ता गर्ने ।

**निर्णय नं. ३**

- विधायन समितिबाट दफावार छलफल भई आएको "बर्दघाट स्वास्थ्य तथा सरसफांई ऐन, २०७९ (संशोधन)" को केही दफा संशोधन गर्न नगरसभामा पेश गर्ने ।

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
लुम्बिनी प्रदेश,
नेपाल

**निर्णय नं. ४**

चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आ. व.२०७९/०८०) को विपद् व्यवस्थापन कोष शीर्षकमा (ब.सि.नं. १६४) छुट्टाईएको बजेट रु.५०,००,०००/- (रु पचास लाख रुपैया) रकम मध्येबाट यस बर्षको अविरल वर्षाका कारण घोला र खोलामा पानीको वहाव बढ्न गई गाउँवस्तीमा प्रवेश गरेकोले उक्त घोला/खोला तटवन्धन गर्ने र अत्यावश्यक स्थानका बाटो मर्मत गर्न देहाय बमोजिम रकम बाँडफाँड गर्ने ।

| सि.नं | योजनाको नाम | वडा नं | छुट्टाउनु पर्ने रकम | विद्यमान अवस्था | कै |
|---|---|---|---|---|---|
| १ | वडाको विभिन्न बाटो स्तरीकरण | ८ | ५०००००.० | आवातजावतमा समस्या | |
| २ | सुखौरा जाने बाटो तथा कल्भर्ट मर्मत | २ | ७००००.० | आवातजावतमा समस्या | |
| ३ | देवीनगर हरियालीनगर घोला/खोला तटवन्धन २ स्थानमा | ४ | ३०००००.० | खोला नियन्त्रण | |
| ४ | घोला सफाई | १० | १०००००.० | घोला सफाई | |
| ५ | तटवन्धन कार्य | ४ | ५००००.० | ह्युमपाइप | |

(क) चालु आर्थिक वर्ष २०७९/०८० मा प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत विनियोजन भएको रु १० लाख रकमबाट यस नगरपालिका वडा नं ४ अन्तर्गत डाडाटोलमा बस्ने स्थानीयवासीहरुबाट साविक सार्वजनिक भवन अन्तर्गत नर्सरी रहेको स्थानमा समाजिक भवन निर्माण गर्ने भनि ०४ नं वडा कार्यालयको च. नं. ५४१२ मिति २०८०/०२/१८ को सिफारिस सहित स्थानीयवासीहरुबाट सडक विभागसँग जोडिएको भागमा निर्माण गर्न सम्झौता गरि पाउँ भनि कागजात पेश हुन आएकोले सो स्थानमा उक्त कार्य गर्न आवश्यक प्रकृया अगाडि बढाउने ।

**निर्णय नं. ५ विविध**

- चालु आ व को वार्षिक कार्यक्रम अन्तरगत संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट विशेष अनुदानको रुपमा सेनेटरी ल्याण्ड फिल साइट निर्माणको लागि रु २ करोड विनियोजन भएको । उक्त बजेट बाट वडा नं ४ मा ठेक्का नं १८/०७९/०८० को सेनेटरी ल्याण्ड फिल साइट निर्माण बर्दघाट-४ को कार्य सम्पन्न गर्ने भनी मिति ०७९।९।२५ मा सूचना प्रकाशन भै विभिन्न निर्माण व्यावसायीहरुबाट वोलपत्र पेश भएको । हाल सम्म पनि सामुदायिक बन लगायतका स्थानीय सरोकारवालाहरु बीच उक्त योजना सन्चालन गर्ने सम्बन्धमा आवश्यक सहमति हुन नसकेको हुँदा ठेक्का स्वीकृत हुन नसकेको अवस्था रहेको । वोलपत्र पेश गर्ने निर्माण व्यावसायीहरुबाट वोलपत्र पेश गरेको अवस्थामा राखेको धरौटी मागको लागि निवेदन पेश भैरहेको छ । हाल सम्म पनि उक्त ठेक्का मूल्याँकन आसयको सूचना प्रकाशन सम्झौता लगायतका कार्य बाँकी रहेको हुँदा चालु आ व को बाँकी अवधिमा उक्त योजना सम्पन्न नहुने देखिएकोले उक्त योजनाको ठेक्का प्रकृया स्थगित गरी निर्माण व्यावसायीहरुबाट माग भएबमोजिमको धरौटी फिर्ता गर्ने निर्णय गरियो ।

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
लुम्बिनी प्रदेश,
नेपाल

- संघीय सरकार अन्तर्गत पर्यटन संस्कृति तथा नागरिक उड्डयन मन्त्रालयबाट शसर्त अनुदान तर्फ निकाशा हुनुपर्ने रकम हाल सम्म प्राप्त नभएको र कार्यालयबाट समेत श्रोत सुनिश्चितता गर्न नसकिएको हुँदा प्रकृतिक/थापा जे भी र यस कार्यालयवीच गत आ.व. मा ठेक्का सम्झौता भएको ठेक्का नं ४७/०७८/७९ को कन्चनगढी क्षेत्रको पर्यटकीय पूर्वाधार संरचना निर्माणको कुनै पनि कार्य चालु आ. व मा गर्न नसकिएकोले सम्बन्धित निर्माण व्यावसायीबाट प्राप्त निवेदन माग बमोजिम सुविधाका आधारमा उक्त ठेक्का स्थगन गरी सोको जानकारी सम्बन्धित निर्माण व्यावसायीलाई दिने निर्णय गरियो ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५९ र ६० तथा आर्थिक ऐन, २०७९ को दफा (९) अनुसूचि -९ मा तोकिए बमोजिम नगरका विभिन्न हाटबजार हरुबाट वैठकी कर, दफा (१०) अनुसूचि - १० बमोजिमको वर्दघाट वसपार्क क्षेत्रबाट पार्किङ्ग शुल्क, दफा (६) अनुसूचि- ५ बमोजिमको जडीवुटी, कवाडी र जीवजन्तु कर समेतको आ.व.०८०/०८१ को १ वर्षको ठेक्का बन्दोवस्त गर्न मिति ०८०/२/१८ को राजश्व परामर्श समितिको वैठकबाट भएको सिफारिस, नगरसभाबाट स्वीकृत दररेट बमोजिम तपसिल अनुसारको आय ठेक्काको राजश्व उठाउने सम्बन्धमा विद्युतिय वोलपत्र (E-Bidding) मार्फत शीलवन्दी वोलपत्र/दरभाउपत्र मागको लागि सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो । तपशिल

| आय ठेक्का नं | आय ठेक्काको नाम | न्यूनतम अंक रु. ( भ्याट सहित) | कैफियत |
|---|---|---|---|
| २/०७९/०८० | मंगलवार पाडा वजार तथा लोडिङ्ग समेत बर्दघाट- १३, जमुनिया | ७३,८९,३८८।७५ | गत आ.व.को कवोल अँकको २५ प्रतिशत थप |
| ३/०७९/०८० | कवाडी कर (उत्पादन तथा निकाशी) | ५,००,५२६।०० | गत आ.व.को कवोल अँक बमोजिम |
| ४/०७९/०८० | आईतवारे साप्ताहिक हाटवजार बर्दघाट-९, भुताहा | ९,५१,०००।०० | गत आ.व.को कवोल अँक बमोजिम |
| ५/०७९/०८० | शुक्रवारे साप्ताहिक हाटवजार बर्दघाट-४, बर्दघाट | ९,२९,५३०।०० | गत आ.व.को कवोल अँक बमोजिम |
| ६/०७९/०८० | भटौलिया हाटवजार, शनिवार बुधवार, बर्दघाट-१२, | ९,००,५००।०० | गत आ.व.को कवोल अँक बमोजिम |
| ७/०७९/०८० | सोमवारे हाटवजार माकर, १ | ३,४०,९२१।०० | गत आ.व.को कवोल अँक बमोजिम |
| ८/०७९/०८० | आइतवारे हाटवजार , वर्दघाट, १४ | २,३४,४७५।०० | गत आ.व.को कवोल अँक बमोजिम |
| ९/०७९/०८० | सनिवारे हाटवजार बर्दघाट, १४ | ४,०७,९३०।०० | गत आ.व.को कवोल अँक बमोजिम |
| १०/०७९/०८० | वुधवारे हाटबजार, बर्दघाट, २ चिसापानी | ५,२४,३२०।०० | गत आ.व.को कवोल अँक बमोजिम |
| ११/०७९/०८० | बसपार्क पार्किङ्ग शुल्क, वडा नं ४ | ९,००,०००।०० | गत आ.व.को कवोल अँक बमोजिम |
| | | | |